हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

# मिति २०८१/०९/०५ गतेको सोह्रौ नगर सभाबाट आ.व. २०८१/८२ को हाल सम्मको प्रगति समीक्षा एवम् संशोधित कार्यक्रम विवरण

**नगर सभाका अध्यक्षज्यू,**

**नगर सभा सदस्यज्यूहरु ।**

१. स्थानीय तहको दोश्रो कार्यकालको तेस्रो वर्षको नीति कार्यक्रम र बजेट कार्यान्वयन गर्दै यस उपमहानगरपालिकाको सोह्रौं नगर सभा समक्ष उपस्थित भई चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा एवम् संसोधित नीति कार्यक्रम र बजेट प्रस्तुत गर्दा गर्वको महशुस भएको छ ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको क्रममा भएका संघर्ष एवम् आन्दोलनमा सहादत प्राप्त गर्नुहुने महान सहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । यस उपमहानगरपालिकालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन योगदान गर्नुहुने समस्त जनप्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी मित्रहरु, कर्मचारी तथा समस्त नगरवासीहरुमा हार्दिक कृतज्ञता अर्पण गर्दछु।

३. यस गरीमामय सभामा १५ औं नगर सभाबाट स्वीकृत चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटको समीक्षा सहित संशोधित कार्यक्रम माथि छलफल गरी सम्मानित सभाले विकासको मार्ग प्रशस्त गर्नेछ भन्ने विश्वास लिएको छु ।

४. "स्वच्छ उत्पादनशिल समृद्ध शहर हेटौडा" भन्ने सोचका साथ नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" तथा प्रदेश सरकारको "स्वस्थ, सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश" को राष्ट्रिय तथा प्रादेशिक आकांक्षा पूरा गर्ने अभियानप्रति उपमहानगरपालिका पूर्ण प्रतिबद्ध रहँदै यस उपमहानगरपालिकाको नीति कार्यक्रमहरु पनि यस तर्फ नै परिलक्षित छन् ।

५. राष्ट्रिय हित र स्वाभिमानको संरक्षण एवम् प्रवर्द्धन गर्दै नागरिकका समस्याहरु पहिचान गरी सम्बोधन गर्ने जनप्रतिनिधि नै हुन् भन्ने विश्वास आम रुपमा स्थापित हुँदै गएको छ । जनप्रतिनिधिको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाई, अनुगमन एवम् जनताको सुख दुःखमा साथ दिने गरी सशक्त बन्दै गइरहेको छ । जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनउत्तरदायी सरकार, भ्रष्टाचारमुक्त, सभ्य र सुसंस्कृत एवम् कर्तव्यनिष्ठ समाज निर्माण गर्न स्थानीय सरकार दृढ छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षमा सम्पन्न भएका मुख्य मुख्य क्षेत्रगत कार्यक्रमहरुको प्रगति समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. हेटौडा उपमहानगरपालिकाको चालु आर्थिक वर्षमा पुर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरस्तरीय योजना ४३१ वटा र वडास्तरीय ७९० वटा गरी १२२१ वटा स्वीकृत गरिएकोमा मंसिर मसान्त सम्ममा १३५ वटा योजनाको संम्झौता सम्पन्न भएका छन्।

७. वडा कार्यालहरुको प्रशासनिक भवन क्रमशः निर्माण गर्दै जाने नीति अनुरुप चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरी ५ नं. वडा र १६ नं. वडा कार्यालयको भवन निर्माण कार्य भई रहेको छ ।

८. यसै गरी अधुरो स्वास्थ संस्थाहरुको भवन निर्माणलाई क्रमशः सम्पन्न गर्दै जाने नीति अनुरुप वडा नं. ४ मोहन वज्राचार्य शहरी स्वास्थ केन्द्र र वडा नं. ५ को शहरी स्वास्थ केन्द्रको आफ्नै भवनबाट सेवा प्रवाह भई रहेको छ भने वडा नं. १ को जरुवाटोलमा रहेको नकौली शहरी स्वास्थ केन्द्रलाई समेत शिघ्र संचालन गर्ने गरी वजेट व्यवस्थापन मिलाईएको छ भने जिल्ला समन्वय समितिको लागत साझेदारीमा वडा नं.९ को लामसुरे शहरी स्वास्थ केन्द्रको भवन निर्माणको लागि संम्झौता अन्तिम चरणमा रहेको छ ।

९. नगरपालिकाको आफ्नै श्रोतबाट वडा नं. १० को ज्ञानदा माध्यमिक विधालयको भवन निर्माण प्रारम्भ गरिएको छ ।

१०. संघीय सरकारबाट हस्तान्तरित बिशेष अनुदान कार्यक्रम तर्फ हेटौडा उपमहानगरपालिका वडा नं. ४ को श्रमिक मा.वि.भवन निर्माण कार्यको वोलपत्र आव्हान भई मुल्यांकनको चरणमा रहेको छ भने संघीय समपुरक कार्यक्रम अन्तर्गत वडा नं. १३ को पदमपोखरी मुख्य सडकको स्तरीकरण गर्ने कार्य र प्रदेश समपुरक कार्यक्रम अन्तर्गत वडा नं. १४ को कुखरेनी खोला देखि औद्योगिक क्षेत्र हुदै उत्तरपानी जाने सडक स्तरीकरण कार्यको वोलपत्र आव्हान गरिएको छ । यसै गरी उपमहानगरपालिकाको आफ्नै श्रोतबाट निर्माण गर्ने गरी बहुवर्षिय कार्यक्रमको रुपमा वडा नं. १ को पिपलवोट देखि स्वर्गलोक सडक स्तरीकरण कार्य र वडा नं. ४ को वडा प्रहरी कार्यालय देखि क्विक ट्वान्टी सम्म सडक स्तरीकरणको वोलपत्र आब्हान गरिएको छ ।

११. उपमहानगरपालिकाबाट सम्पादन हुने कार्यलाई प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुर्याउने साझेदार निकायहरुको माग अनुसार मालपोत कार्यालय, नापी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई पूर्वाधार सुधारको लागि पूँजीगत अनुदान उपलव्ध गराईएको छ ।

१२. आयोजना कार्यान्वयनसँग सम्वद्ध ३० जना प्राविधिक कर्मचारीहरुको लागि ७ दिने लागत अनुमान तयारी, गुणस्तर निरिक्षण साईट सुपरिभिजन सम्वन्धी तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।

१३. यसै गरी भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखाबाट भवन निर्माणको लागि पेश भएको १०२९ वटा नक्सा पास सम्वन्धि निवेदनहरु मध्ये ३२२ वटा भवनहरुको नक्सा

पास गरिएको छ ।साथै सो शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुको लागि ३ दिने National Building Code & GIS सम्वन्धी तालिम सम्पन्न गरिएको छ ।

१४. उपमहानगरपालिका तथा अन्य सरकारी निकायबाट कार्यान्वयन गरिने सार्वजनिक निर्माण तथा उपयोगसँग सम्बन्धित आयोजना/परियोजना/योजना/कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित बनाउनको लागि उपभोक्ता समितिहरुको दर्ता, नविकरण, नियमन एवम् खारेजी सम्बन्धी कानूनी व्यवस्था गर्न उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१ जारी गरिएको छ ।

१५. योजना तथा कार्यक्रमहरुको सरल कार्यान्वयन तथा शिघ्र भुक्तानी व्यवस्थापन गर्नको लागि प्रभावकारी योजना अनुगमनलाई जोड दिईएको छ । चालु वर्षको मंसिर मसान्त सम्ममा ५ वटा नगरस्तरीय योजनाहरुको स्थलगत अनुगमन गरी फरफारकको सिफारीस गरिएको छ । योजना तथा कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी वनाउन वडास्तरीय सम्पुर्ण चालु तथा पूँजीगत कार्यक्रमहरु र २० लाख सम्म वजेट विनियोजन भएका नगर स्तरीय योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न वडा कार्यालयमा नै अधिकार प्रत्यायोजन गरी कार्यान्वयन सम्वन्धी सम्पुर्ण अधिकार तथा भुक्तानी समेत वडा कार्यालयबाट नै हुने व्यवस्था मिलाईएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**अब म आर्थिक विकास महाशाखा अन्तर्गत चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म हासिल भएको प्रगति समिक्षा प्रस्तुत गर्न चाहान्छु ।**

१६. हेटौडा उपमहानगरपालिका वडा नं. १२ रमनटार र वडा नं. १८ गुम्बाडाँडामा काउली बालीमा १६ हप्ते कृषक पाठशाला संचालन भैरहेको छ।

१७. प्रतिकुल मौसमका कारण रोग तथा किराबाट हुने क्षति न्यूनीकरणका लागि वाली उपचार शिविर संचालन भैरहेको छ।

१८. माटो परिक्षण प्रयोगशाला पुर्ण रुपमा संचालन भई माटो परिक्षण कार्य नियमित रुपमा भैरहेको छ।

१९. वडा नं. १२, १३ र १४ मा कृषक तथ्याङ्क संकलन तथा प्रविष्ट गर्न गणक नियुक्ति गरी किसान सूचिकरण कार्यक्रम अघि बढाईएको छ।

२०. कृषी क्षेत्र प्रोत्साहानका लागि मौसम अनुसारको जै घांस ५६५० कि.ग्रा. र वार्सीम १०० कि.ग्रा. घाँसको विउ वितरण तथा प्राविधिक प्रामर्श सेवा उपलब्ध गराएको छ।

२१. यस अवधिमा पशुपन्छी विकास शाखा तर्फ मेडिकल उपचार सेवा ३००० वटा, पशु गाइनोकोलोजिकल उपचार ६०० वटा, माइनर सर्जरी ६५० वटा, गोवर परिक्षण ५०० पटक, रगत परिक्षण ९० वटा, खोरेत रोग विरुद्धको खोप सेवा २०५०० वटा,

लम्पिस्किन रोग विरुद्धको खोप सेवा ४००० वटा पशुलाई सेवा प्रदान गरिएको साथै रेविज संक्रमित कुकुरले रोग फैल्याउने सम्भावनालाई मध्यनजर गर्दै जनचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै निशुल्क ४५० रेविज रोग विरुद्धको खोप उपलब्ध गराईएको छ।

२२. खाद्यान्न उत्पादन सम्बन्धि साना तथा घरेलु उद्योगलाई प्रवर्धन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा अनुज्ञाको लागि सिफारिस गरि पठाइएकोमा हाल सम्म गुन्द्रुक, अचार, आलु चिप्स, दालमोठ लगायतका उद्योगले खाद्य अनुज्ञा प्राप्त गरि राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा बजारीकरण विस्तार भएको छ ।

२३. साना तथा घरेलु उद्योग संचालन पश्चात उत्पादित वस्तु बजारीकरणका लागि प्रदेश सरकार र यस उपमहानगरपालिकाको संयुक्त लगानीमा हेटौंडा १० बसपार्कमा कोशेली घर निर्माण कार्य सम्पन्न भई संचालन प्रकृयामा छ भने प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लगानीमै माथिल्लो तला थपको कार्य अगाडी बढाइएको छ ।

२४. स्थानीय स्तरमा स्वरोजगारी सृजनाका लागि विभिन्न १० वटा विषयका सिपमूलक तालिम सञ्चालनको प्रकृया अगाडी बढाईएको छ । जसबाट ३०० जना लाभान्वीत हुनेछन् ।

२५. चालु आर्थिक वर्ष २०८१/८२को लागि यस उपमहानगरपालिकामा कुल सुचिकृत बेरोजगार हरुको संख्या जम्मा १०१४ जना रहेको जसमा महिला ७३५ र पुरुष २७९ रहेकोमा सवै बेरोजगारहरुको नामावली EMIS मा प्रविष्ट गरिएको छ ।

२६. रोजगारी सृजनाको लागि आयोजना छनोटको काम सम्पन्न भई समिति गठनको प्रक्रियामा रहेको छ। साथै थप रोजगारी सृजनाको लागि Road Repair and Maintenance Training सञ्चालनको प्रकृया अगाडी बढाईएको छ। महिला लक्षित रोजगारी सृजनाको लागि महिला डाईभिङ तालिमको लागि श्रम रोजगार तथा यातायात मन्त्रालयसँग समन्वय र सहकार्य भएको छ ।

२७. चालु आर्थिक वर्षको यस अवधिमा वैदेशिक रोजगारीको लागि कार्यालयबाट २६ जनाले पुन श्रम स्वीकृति र १३ जनाले मौखिक अभिमुखीकरण प्राप्त गरेका छन।

२८. कार्यालयको संयोजनमा संयुक्त बजार अनुगमन टोलीले वडा नं. ४ मा होटल तथा रेस्टुरेन्टहरू, वडा नं. ८ मा १७ वटा किराना स्टोर्स तथा खाजा पसलहरु, वडा नं. १९ मा १५ वटा किराना स्टोर्सहरू र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा रहेको चमेना गृहको अनुगमन गरीएको छ। अनुगमनको क्रममा कमजोरी देखिएका व्यवसायहरुलाई नगद जरिवाना सहित कारवाही गरिएको छ साथै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौडा र उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुरको संयोजनमा ५ पटक भएका अनुगमनमा प्रतिनिधित्वको रुपमा सहभागि भई हेटौडा उपमहानगरपालिका भित्र अवस्थित खाद्यान्न मार्टहरु तथा किराना स्टोर्सहरुको अनुगमन गरिएको र बजार

अनुगमनका क्रममा तोकिएको गुणस्तर एवं मापदण्ड अनुसार नभएका खाद्यान्नहरु जफत गरी नष्ट गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

अब म चालु आ.व. को मंसिर मसान्तसम्मको राजश्व अनुमान तथा प्रगति प्रस्तुत गर्न चाहन्छु ।

२९. चालु आ.व.को लागि यस उपमहानगरपालिकाले संकलन गर्न पाउने बिभिन्न शिर्षक मध्ये कवाडी कर, पशु हाटबजार शुल्क, विज्ञापन कर, सडक पूर्वाधार मर्मत संभार शुल्क लगाएतको कर संकलन कार्यको लागि विभिन्न चरणमा ठेक्का आव्हान भई विभिन्न फर्महरुसँग सम्झौता गरि राजस्व संकलन कार्य भईरहेको छ ।

३०. हेटौंडा १ स्थित रासी नदी उकास क्षेत्रमा व्यवसायीहरु र उपमहानगरपालिकाको संयुक्त लगानीमा निर्मित तरकारी तथा थोक बजारमा रहेका सटरहरुको आर्थिक ऐन, २०८१ बमोजिम भाडा रकम असुली प्रकृया प्रारम्भ गरि सबै व्यवसायीहरुलाई करको दायरामा ल्याईएको छ ।

३१. बागमती प्रदेश आर्थिक ऐन, २०८१ तथा हेटौडा उपमहानगरपालिका आर्थिक ऐन, २०८१ बमोजिम मनोरञ्जन कर असुली प्रकृया हाल सम्म पनि प्रारम्भ नभएकोले हेटौंडामा रहेको ओम्याक्स सिनेमा हल र नारायणी महलमा रहेको एन.एस. सिनेमा हलहरुलाई पत्राचार गरि ५ प्रतिशत करको दायरामा ल्याउन पहल भएको छ ।

३२. हेटौंडा १० बसपार्क स्थित उपमहानगरपालिकाद्वारा निर्मित संरचनाहरुको मर्मत संभार कार्य गरि व्यवसायीहरुसँग भएको संझौता बमोजिम बक्यौता तथा नियमित भाडा असुली प्रकृया निरन्तर भई रहेको छ ।

३३. उपमहानगरपालिकाका वडाहरु ६,७,८,१५,१६,१७,१८ को बिभिन्न क्षेत्रहुदै बग्ने खहरे खोलाहरुमा ढुङ्गा, ग्राभेल, बालुवा उत्खनन् तथा संकलन कार्यको लागि विभिन्न निकायहरुसँग समन्वय भईरहेको र केही प्रकृयागत कार्य पुरा गरि उक्त क्षेत्रमा IEE मा उल्लेखित मात्रामा नदिजन्य पदार्थ उत्खननको लागि ठेक्का प्रकृया मार्फत अगाडि बढाईने छ साथै वडा नं. १५,१६,१७ र १८ मा रहेका खहरेहरुमा राजस्व परामर्श समितिको निर्णय बमोजिम थप क्षेत्रहरु पहिचान गरि थप प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन(IEE) तयार गरि यसै आर्थिक वर्ष भित्र स्विकृत गर्ने प्रकृया थालनी गरिएको छ ।

३४. हेटौडा १ सुपारेटार ब्यारेक देखी हेटौडा ९ कुश्माण्ड सरोवरधाम सम्म र त्रिवेणी धामदेखी हेटौडा १९ आर.एम.सि. सम्म नदीजन्य पदार्थ (ग्राभेल) उत्खनन तथा बिक्रीको लागि प्रचलित व्यवस्था अनुसार IEE गर्न प्रथम चरणको कार्य परामर्शदाताबाट कार्य सम्पन्न भईसकेको छ ।

३५. नगर क्षेत्रको विभिन्न वडाहरुमा व्यवसाय करको दायरामा छुट भएका व्यवसायीहरु र नियमित नविकरण नभएका व्यवसायहरुलाई करको दायरामा ल्याउने उद्देश्यले चालु आर्थिक वर्षमा यहि पुष ७ गतेदेखी व्यवसाय कर, दर्ता, नविकरण घुम्ती टोली परिचालनको लागि सार्वजनिक सूचना एवम् तालिका प्रकाशन गरिएको छ ।

३६. गत असोज महिनाको देश ब्यापि अविरल बर्षा पश्चात रासिखोलामा आएको बाढिले रासिपुल, भाइरल पुल (हेटौडा ११ र १२ जोड्ने) र वडा नं. ११, ३ र १९ का खोला छेउ बस्तीहरुमा नदीजन्य पदार्थ ओभर डिपोजिसन भई हानी नोक्सानी एवम् बस्ति किनारहरुमा क्षेती पुर्याउन सक्ने संभावना बढेकोले उक्त स्थानहरुको प्राविधिक प्रतिवेदन तयार पारी उत्खनन तथा बिक्रि वितरणको लागि नगर स्तरीय विपद् व्यवस्थापन समितिको निर्णय सहित जिल्ला विपद् व्यवस्थापन समितिमा सहमतिको लागि पठाईएको छ ।

३७. नगर क्षेत्र भित्र सञ्चालनमा रहेका अटो तथा मयुरीलाई व्यवस्थित गर्न जिल्ला ट्राफीक प्रहरी कार्यालय, यातायात व्यवस्था कार्यालयको समेत सहकार्यमा नगर क्षेत्र भित्र सञ्चालित अटो मयुरीहरुको चेक जाँच गरि स्टिकर वितरण कार्य सञ्चालन गरिएको छ। हालसम्म सो ईकाई कार्यालयबाट १२०८ वटा स्टिकर वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**अब म चालु आ.व. को मंसिर मसान्तसम्मको सामाजिक विकास तर्फको प्रगति प्रस्तुत गर्न चाहन्छु ।**

३८. सामाजिक विकास तर्फ स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रम, जातिय छुवाछुत विरुद्धको सचेतना कार्यक्रम, सांस्कृतिक सामाग्री सहयोग, लागु औषध विरुद्ध सचेतना कार्यक्रम, सिस्नुपानी देउसी कार्यक्रम,संस्कृति संरक्षण तथा प्रवर्धन कार्यक्रम, क्षमता विकास कार्यक्रम सहकार्य समेत कूल ३८ वटा कार्यक्रमहरु यस अवधिका सम्पन्न भएको र अन्य संस्थागत अनुदान तर्फको कार्यक्रमको प्रक्रिया अगाडी बढाईएको छ ।

३९. गै.स.स.बाट नगरक्षेत्र भित्र सञ्चालन गरिने कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन र समन्वयलाई व्यवस्थित गर्न उपमहानगरपालिकाको स्वीकृत कार्यविधि बमोजिम नगर परियोजना परामर्श समितिको दुई पटक बैठक बसी गै.स.स.हरुलाई कार्यक्रम सञ्चालन अनुमति एवम् संस्था दर्ता नवीकरणको लागि सिफारिस गरिएको छ ।

४०. सहयोगापेक्षी सडक मानवमुक्त मकवानपुर घोषणालाई आवश्यक समन्वय र सहयोग गरिएको छ।मानव सेवा आश्रमको संचालन व्यवस्थापन तथा औषधी उपचारको लागि आवश्यक सहयोग उपलब्ध गराइएको छ ।

४१. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत कर्मचारीहरुको क्षमता विकास, सामुदायिक अभिमुखीकरण तथा मनोसामाजिक परामर्श सेवा संचालन गरिएको छ । यस अवधि

बिचमा वैदेशिक रोजगारमा जान इच्छुक २७१८ जनालाई सूचना तथा परामर्श सेवा प्रदान गरिएको छ । आप्रवासी स्रोत केन्द्रमा ५६ वटा केशहरु प्राप्त भएकोमा सहजिकरण मार्फत १२ वटा केशहरु समाधान भएका छन्। वैदेशिक रोजगारीमा जाने संभावित व्यक्तीहरुलाई गहन अभिमुखिकरण कार्यक्रम दुई समुहमा सम्पन्न गरिएको छ ।

४२. व्यक्तिगत घटना दर्ता तर्फ चालु आ.ब.को मंसिर मसान्तसम्म जन्म दर्ता ९ सय ७, मृत्यु दर्ता ४ सय ६१, विवाह दर्ता ५ सय ११, सम्बन्ध बिच्छेद १ सय ३ र बसाई सराई ५ सय ५२ वटा गरी कूल २ हजार ४ सय ८० व्यक्तिगत घटना दर्ता भएको छ ।

४३. चालु आ.व. को प्रथम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरीक (७० वर्ष माथि) ८ हजार ६९८ जना, जेष्ठ नागरीक दलित ३८५ जना, जेष्ठ नागरीक एकल महिला (६० वर्ष माथि) १ हजार २३० जना, विधवा महिला (६० वर्ष भन्दा कम) २ दुई हजार २९६ जना, पूर्ण अपाङ्ग ३१७ जना, आंशिक अपाङ्ग ६१९ जना र दलित बालबालिका (५ वर्ष भन्दा कम) ५७० जना गरी जम्मा १४ हजार ११५ जना लाभग्राहीहरु रहेका छन। १९ वटै वडाहरुको सम्पूर्ण लाभग्राहीहरुको चालु आ.व. को प्रथम त्रैमासिक अन्तर्गतको किस्ता रु १४ करोड २८ लाख ७७ हजार ४४६ रुपैया पूर्ण रुपमा बैंकिङ्क प्रणाली मार्फत वितरण गरिएको छ। साथै १६१ जना लाभग्रही हरुको लगत कट्टा भएको छ ।

४४. न्यायिक समिति अन्तर्गत चालु आ.व. को यस अवधि बिचमा ९१ वटा विवाद दर्ता भएको जसमध्ये मिलापत्र भएको ३०, फैसला १, मुद्धा फिर्ता ६, विपक्षी अदालत गएको ५, पक्षहरु उपस्थित नभएको ०, मेलमिलाप हुन नसकेको ० र प्रक्रियामा रहेको ५४ वटा विबादहरु रहेका छन। न्यायिक डबली रेडियो कार्यक्रम पाक्षिक रुपमा निरन्तर संचालनमा रहेको र टेलिभजनबाट समेत कार्यक्रम संचालन प्रकृया अगाडी बढाईएको छ।

४५. हाल सम्म उपमहानगरपालिकाले ऐन ३२, नियमावली ८, निर्देशिका १७,मार्गदर्शन ३, कार्यविधि ५३, मापदण्ड १०, स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

४६. हेटौडा उपमहानगरपालिकाको वडा नं. २, ४, ६, ७, ८, ९,१०, ११, १७, र १९ वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भईसकेको र बाँकी रहेको वडाहरु बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको तयारीमा रहेका छन्।

४७. यस आ.व. २०८१/८२ को मंसिर ७ गते सम्ममा १४ जना क वर्ग, २६ जना ख वर्ग, ६ जना ग वर्गको गरी जम्मा ४६ जना व्यक्तिलाई अपाङ्गता परिचयपत्र प्रदान गरिएको छ ।

४८. उपमहानगरभित्र गठन भएका ३९६ बाल समूह/संजालको सहभागितामा अतिरिक्त क्रियाकलाप संचालन गर्दै बाल अधिकार प्रवर्धन गर्नमा परिचालन गरिएको छ ।

४९. यस उपमहानगरपालिको विभिन्न स्थानबाट १७ जना बालश्रममा रहेका बालबालिकाकाहरुको उद्धार तथा पारिवारिक/संस्थामा पुर्नस्थापना गरिएको छ । त्यसैगरी २ वटा बालविवाह हुन लागेकोमा बालविवाह रोकी बालक र बालिकालाई पारिवारिक पुनर्थापना गरिएको छ ।

५०. विभिन्न संघसंस्थासँगको सहकार्यमा मानव वेचविखन विरुद्धको राष्ट्रिय दिवस, लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, ज्येष्ठ नागरिक दिवस, अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, बाल दिवस लगायत विभिन्न दिवस सञ्चालन गरिएको छ ।

५१. अल्पकालीन आश्रयस्थल (जिल्ला सेवा केन्द्र) बाट सुरक्षित अल्पकालीन आश्रयको सुविधा सहित हिंसाबाट प्रभावित ६१ जना महिला तथा बालबालिकाको तत्काल संरक्षण, राहत एवं न्यायमा पहुँचका लागि आवश्यक सहयोग र समुदायस्तरका सेवा केन्द्रहरुसँग समन्वय गरी सामाजिक जागरण, पारिवारिक पुनर्मिलन एवं पुर्नस्थापनाका कार्य गरिएको छ ।

५२. प्रदेश सरकारको सहयोगमा आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत ३० जना बालबालिकाहरुलाई मासिक रु २०००.०(दुई हजार) लाभग्राहीको बैक खातामा उपलब्ध हुने ब्यवस्था गरिएको छ ।

५३. यस उपमहानगरपालिकामा संचालनमा रहेको ॐ वृद्धाश्रम र दिव्य सेवा निकेतन वृद्धाश्रममा १/१ जना ज्येष्ठ नागरिक स्याहारकर्ताहरुको व्यवस्थापनमा यस उपमहानगरपालिकाबाट सहकार्य गरिएको छ ।

**नगर सभाका सभाध्यक्ष महोदय,**

५४. स्वास्थ्य सेवाको प्रतिवेदन (रिपोर्टिंग) लाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुको online entry DHIS2, eTB, eLMIS सम्पूर्ण स्वास्थ्य संस्थाबाट र eHMIS नौ वटा स्वास्थ्य संस्थाबाट संचालन गरिएको छ।

५५. सुत्केरी महिलालाई स्वस्थ्य जीवनयापनका लागि सुत्केरी भएको ७ दिन भित्र स्वास्थ्य चेकजाँच (PNC) सहित पोषणयुक्त कोशेली उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ। उपमहानगरपालिकामा सञ्चालित सम्पूर्ण स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी परिचालन गरि PNC जाँच तथा पोषण कोशेली वितरणमार्फत ५१८ आमाहरुलाई सुबिधा उपलब्ध गराइएको छ।

५६. हेटौंडा अस्पतालबाट निशुल्क डायलाइसिस सेवा प्रदानका लागि सहकार्य स्वरुप व्यवस्थापनमा रहेका ३ जनशक्ति को पारिश्रमकको सुनिश्चित गरि सेवालाई निरन्तरता गर्न आवश्यक आर्थिक सहयोग उपलब्ध गराइएको छ ।

५७. सामुदायिक आँखा अस्पताललाई अनुदान सहयोग उपलब्ध गराइएको छ साथै नारायणी यातायात व्यवसायी संघ मार्फत संचालित एम्बुलेन्स सेवालाई अनुदान सहयोगलाई निरन्तरता दिईएको छ ।

५८. राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत कार्तिकमा सञ्चालित अभियानमा १२,६८९ जना बालबालिकालाई भिटामिन ए र ११,४७८ जना बालबालिकालाई जुकाको औषधि खुवाइएको छ। साथै उपमहानगरपालिकाका मासिक ३१ वटा गाउँघर क्लिनिक मार्फत ६९४ जना, मासिक ४१ वटा खोप क्लिनिक मार्फत १,६८१ जना, दैनिक ९२ जना महिला स्वास्थ्य स्वयम् सेविकामार्फत ३,४९६ जना साथै २२ स्वास्थ्य संस्थाहरु मार्फत ४८,५२७ जनालाई सेवा उपलब्ध गराइएको छ।

५९. विभिन्न संस्थाहरु मार्फत र अन्य निकायसँगको साझेदारीमा नगरका ३ स्थानमा महिलाको पाठेघर मुखको क्यान्सर जाँच, दन्त उपचार लगायतका अन्य स्वास्थ्य शिविरहरु सञ्चालनको प्रकृयामा रहेको छ।

६०. उपमहानगरपालिकाको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटीबाट सञ्चालित ब्लड बैंकमार्फत उपचारको क्रममा रहेका विरामीलाई सहुलियत वापत गत आ.व.को ३६२ यूनिटको ३,०७,७००।-(३ लाख ७ हजार ७ सय) भुक्तानी उपलब्ध गराइएको र यस आ.व.को १०७ युनिटको ९०,९५०।- भुक्तानी प्रकृयामा रहेको छ ।

६१. चालु आर्थिक वर्षको मंसिर मसान्त सम्ममा नगरका १२३ जनालाई कडा रोग उपचार सहयोगका लागि विपन्नताको सिफारिस गरिएको छ।साथै १९ जना परिवारको निशुल्क स्वास्थ्य विमामा ६६,५००।- भुक्तानी र कडा रोग उपचार खर्च पाउने तर गरिव परिवार परिचय पत्र नभएर उक्त सुविधा नपाउने ३१७ जनाको निशुल्क स्वास्थ्य विमा आन्तरिक स्रोतबाट गराउने प्रकृया अघि बढाईएको छ।

६२. डेगुं रोगको प्रकोप नियन्त्रणका लागि यस पालिकाबाट वडा स्तरीय-१८, विद्यालय-५५, टोल तथा समुदाय स्तरीय-४२७, महिला स्वास्थ्य स्वयम् सेविका स्तरीय-९२ गरि कुल ५०० समुहमा अभिमुखिकरण संचालन गरि लामखुट्टेको लार्भा नष्ट अभियान सम्पन्न गरिएको छ।

६३. नगरका १९ वटै वडाका सम्पूर्ण २२ वटै स्वास्थ्य संस्थाहरुबाट सम्पादित जनस्वास्थ्य कार्यक्रम र क्षयरोग कार्यक्रमको वार्षिक समिक्षा गरिएको सम्पन्न छ।

६४. वडा नं. ४ र ५ को स्वास्थ्य सस्थालाई पालिकाकै नवनिर्मित भवनमा सारी सेवा सुचारु गरिएको छ ।साथै वडा नं. १ को स्वास्थ्य कार्यालयको भवन निर्माणको अन्तिम चरणमा पुगेको छ ।

६५. पालिका भित्रका विभिन्न तहका स्वास्थ्यकर्मी ८५७ तथा स्वास्थ्य संस्था ८० वटाको अभिलेख राष्ट्रिय स्तरको अनलाईन सफ्टवेयर (NHFR) प्रणालीमा प्रबिष्ट गरिएको छ।

६६. पालिकाको खोप भण्डारणको लागि अलग्गै भण्डार कक्ष निर्माण गरि खोप भण्डारण व्यवस्थापन गरिएको छ।

६७. पालिका भित्रका २ निजि अस्पताल २ क्लिनिक ४ प्रयोगशाला र १ बैकल्पिक चिकित्सा सेवा केन्द्रलाई सञ्चालन अनुमती प्रदान गरिएको छ ।

६८. हटिया नगर अस्पतालबाट रेबिज भ्याक्सिन(ARV) सेवा सुचारू गरिएको छ ।

**नगर सभाका सभाध्यक्ष महोदय,**

६९. आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत धवन्तरी जयन्ति कार्यक्रम साथै उक्त दिवसको अवसरमा हटिया आयुर्वेद औषधालय -१७ मा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ |

७०. आयुर्वेद औषधालयले दिदै आएको नियमित सेवा तर्फ-१७०३ जना, पुर्व-सेवा कार्यक्रम तर्फ-९७ जना, जेष्ठ नागरिक सेवा कार्यक्रम तर्फ-७८ जना, स्तनपाई आमालाई दुग्ध-वर्धक औषधि वितरण सेवा कार्यक्रम-५६जना, तथा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।

७१. आयुर्वेद सेवा कार्यक्रम तर्फ हात्तीगौडा-१२ तथा हर्नामाडी-१८ मा महिनाको २ पटक गाउँ-घर क्लिनिक सेवा सञ्चालन गरि २५० जनालाई सेवा उपलब्ध गराईएको छ |

७२. आयुर्वेद औषधालयको लागि अति आवश्यक आयुर्वेद औषधि खरिद प्रक्रियामा रहेको छ ।

**नगर सभाका सभाध्यक्ष महोदय**,

**अब म चालु आर्थिक वर्षको मंसिर मसान्तसम्मको वन,वातावरण तथा विपद् व्यवस्थापन तर्फको प्रगति प्रस्तुत गर्न चाहन्छु ।**

७३. यस नगरलाई फूलैफूलको शहरको रुपमा विकास गर्ने योजना अनुरुप चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म मुख्य बजार क्षेत्रको क्यारी, डिभाइडर, पार्कमा उपमहानगरपालिकाको आफ्नै नर्सरीमा उत्पादन गरिएका र सिजनल समेत गरी जम्मा १७,२९५ वटा वृक्ष-रोपण गर्ने कार्य सम्पन्न भएको छ।

७४. प्लाष्टिक बोतलहरुको आयतन घटाई व्यवस्थापन गर्न बेलिङ्ग मेशिन खरिद भई सञ्चालनमा ल्याइएको छ ।

७५. बढ्दो सहरीकरणलाई मध्यनजर गरी नगरवासीको बढी भिडभाड हुने क्षेत्रमा सहजताको लागि विभिन्न कार्यक्रम, समारोहमा प्रयोग हुने गरी मोवाइल शौचालय खरिद गरि सञ्चालनमा ल्याइएको छ।

७६. जोखिम व्यवस्थापनका लागि मुख्य बजार क्षेत्र लगायत अन्य स्थानमा करिव ६६९ वटा खतराजन्य रुख काँटछाँट गरिएको छ।

७७. चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म शववहानले २१४ पटक सेवा प्रदान गरेको छ। १० वटा वेवारिसे लास सत्गत गरिएको छ। शवदाह मेसिनबाट ८० वटा शव निःशुल्क सत्गत गरिएको छ । सक्सन मेसिनबाट सेप्टि ट्याङ्कीको लेदोजन्य १० ट्रिप

फोहोर व्यवस्थापन गरिएको छ । साथै बारुणयन्त्रबाट ३० स्थानमा आगलागी नियन्त्रण गरिएको छ ।

७८. नेपाल प्रहरी, सशस्त्र प्रहरी र हेटौंडा उपमहानगरपालिकाको समन्वयमा वन विज्ञान अध्ययन संस्थान परिसरको सघन सरसफाई गरी स्ट्रिट लाइट जडान गरिएको तथा पार्किङ्ग निषेध क्षेत्र बनाइएको छ ।

७९. मुख्य बजार क्षेत्रहरुको विशेष सरसफाईका लागि टिपनटापनकर्ता राखि फोहोर व्यवस्थापन कार्य गरिदै आएको छ।

८०. किटजन्य रोगको महामारी रोकथाम अन्तर्गत यस नगरको मुख्य बजार क्षेत्रका सरकारी कार्यालयहरुमा माग बमोजिम डेंगु रोगको नियन्त्रणका लागि डिसइन्फेक्टेन्ट छर्ने, नाला सफाई, सडक छेउको झार फडानी गर्ने, ग्यारेजबाट टायरहरु उठाउने र सबै वडाहरुमा वडा स्तरीय जनचेतना जगाउने कार्यहरु गरिएको छ ।

८१. "सफा हेटौंडा अभियान" अन्तर्गत विभिन्न सार्वजनिक स्थान, कार्यालयहरुमा माग अनुसार डष्टबिन र बोतल राख्ने केज उपलब्ध गराइएको छ ।

८२. वडाको विभिन्न स्थानहरुमा पूर्वाधार निर्माण तथा असोज ११ र १२ गते आएको विपद्ले सडक पूर्वाधारमा पुर्याएको क्षतिको पुनर्निर्माणका लागि ३ वटा जेसिबी ९४८ घण्टा र ग्रेडर १ वटा १९६ घण्टा प्रयोग भएको छ ।

८३. आवासका लागि सहयोग समूह (लुमन्ती) र हेटौंडा उपमहानगरपालिका खानेपानी, सरसफाई तथा उपभोक्ता महासंघको संयुक्त आयोजनामा "अधिकारका लागि अघि बढौं" परियोजना अन्तर्गत वडा नं. ११ सिमलटार टोल विकास संस्थाको समुदायका लागि नेतृत्व सीप विकास तालिम सम्पन्न भएको छ । साथै सो परियोजना अन्तर्गत सरसफाई साझेदार निजी संस्थाको १ जना सफाईकर्मीलाई अध्ययन अवलोकन भ्रमणमा भारत लगि सिक्ने अवसर प्रदान गरिएको छ।

८४. अन्तरपालिका समन्वय अन्तर्गत यही असोज ११ र १२ गते आएको बाढी, पहिरोबाट प्रभावित ईन्द्रसरोवर गाउँपालिकालाई विपद् पुनर्स्थापना र पुनर्निर्माणको लागि रु.५,००,०००।— सहयोग उपलब्ध गराइएको छ ।

८५. यही असोज ११ र १२ गतेको बाढी, पहिरो प्रभावित ९ घरपरिवारलाई खाद्यान्न सामाग्रीहरु राहत स्वरुप उपलब्ध गराइएको र १ परिवारलाई ७ थान त्रिपाल उपलब्ध गराइएको छ।

८६. आगलागी, हावाहुरी, चटयाङ्ग र ठूलो वर्षातको कारण प्रभावित ५ जना परिवारलाई रु.७५,०००।- उपलब्ध गराइएको छ।

८७. क्रियशनद्वारा संचालित क्याप परियोजना अन्तर्गत अमर माध्यमिक विद्यालय र श्रमिक माध्यमिक विद्यालयमा विद्युतीय पुस्तकालय, सुचना बोर्ड, डस्टबिन र वायु प्रदुषण मापन

यन्त्र जडान गरी बालबालिकालाई सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ । त्यसैगरी, उक्त परियोजना अन्तर्गत २ जना युवालाई तालिम प्रदान गरी वडावासीलाई सचेतना तथा पैरवी कार्यक्रम संचालनमा ल्याइएको छ ।

८८. उपमहानगरपालिकाको "सफा हेटौंडा" अभियान अन्तर्गत वडाको जनप्रतिनिधि, वडावासी, सशस्त्र प्रहरी समेतको उपस्थितिमा नदी सरसफाई अभियान अन्तर्गत प्रथम चरणको राप्ती नदी तथा कर्रा खोला सफाई गर्ने कार्य सम्पन्न गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**अब म सुशासन प्रवर्धन तथा कार्यालयबाट प्रवाह गरिने सेवालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन संस्थागत सुदृढिकरण तथा संस्थागत सुधार अन्तर्गत यस अवधि बिचमा सम्पन्न भएका कार्यहरुको प्रगति अवस्था यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

८९. कर्मचारीको वृत्ति विकास अन्तर्गत "स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७९" बमोजिम, पाँचौ तहमा ५ जना, छैठौं तहमा १ जना र ८ औं तहमा २ जनालाई तह वृद्धि गरिएको छ।

९०. सँगठनात्मक संरचना पुनरावलोकन गर्न सँगठन व्यवस्थापन सर्भेक्षण (O & M) को अभिलेख नियमित अद्यावधिक गरिएको छ ।

९१. कार्यलयको सेवा प्रभावलाई प्रवाहकारी बनाउन महाशाखा, शाखा प्रमुखहरु तथा वडा सचिवहरुसँग नियमित अन्तरक्रिया र छलफल कार्यक्रम गरिएको छ । सेवा केन्द्रहरु, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको सेवा प्रभावको अवस्था अनुगमन गरिएको छ । छिटो छरितो सेवा प्रवाहका लागि जिम्मेवार अधिकारीहरुलाई कार्य विवरण सहित अधिकार प्रत्यायोजन गरिएको छ ।

९२. सुशासन प्रवर्धनका लागि कार्यालय तथा वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिएको छ । सेवाग्राहीहरुको गुनासो सुनुवाई तथा आवश्यक सहजिकरणको लागि **हटलाईन सेवा संचालन र हेल्प डेस्कको** व्यवस्था गरिएको छ ।

९३. कर्मचारीहरुको वृत्ति विकासका लागि विभिन्न पद तथा सेवाका कर्मचारीहरुलाई सेवाकालिन तालिम तथा छोटा अवधिका तालिम तथा कार्यक्रममा सहभागी गराईएको छ ।

९४. कार्यालयमा रिक्त आवश्यक जनशक्ति व्यवस्थापन गर्न स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम माग आकृति फारम भरी नियमित रुपमा प्रदेश लोक सेवा आयोगमा पठाईएको छ । आवश्यकताका आधारमा १० जना नगर प्रहरी, ३ जना वारुणयन्त्र सिपाही, स्वास्थ्य सेवा तर्फ अधिकृत आठौं ३ जना,

सहायक पाँचौ ३, सहायक चौथो १० जना, कृषी सेवा तर्फ अधिकृत छैंठौ १ जना, सहायक चौथो २ जना, अभिलेख प्रशासक (अधिकृत छैंठौ) १ र बालमैत्री वडा सहजकर्ता २ जना प्रतिस्पर्धा गराई सेवा करारमा पदपूर्ति गरिएको छ ।

९५. सुशासन तर्फ यस उपमहानगरपालिकाबाट सम्पादित गतिविधिहरुको बारेमा सुसूचित गराउन नियमित सूचनाहरु सार्वजनिक भईरहेको छ । स्थानीय रेडियो, दैनिक पत्रिका, साप्ताहिक पत्रिका र अनलाइन मिडियाहरु मार्फत सुशासनको लागि आवश्यक सूचनाहरु नियमित प्रशारण तथा प्रकाशन भइरहेको छ । साथै १९ वटै वडाहरुमा अनलाइन प्रणालीबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यहरु भइरहेको छ ।

९६. कार्यालयको गतिविधि, सेवा प्रवाहको जानकारी एवम् सार्वजनिक सूचना प्रवाह गर्ने कार्यालयले संचालन गरेको वेभसाईट, फेसबुक पेज तथा अन्य सामाजिक संजालहरु नियमित अपडेट भैरहेको छ । सूचना प्रवाहमा रेडियो, पत्रपत्रिका, अनलाईन मार्फत नियमित सूचना प्रकाशन गरिएको छ।

९७. नेपाल सरकारद्धारा जारी गरिएको एकिकृत अपाङ्गता सूचना व्यवस्थापन प्रणाली मार्फत सेवा प्रवाह सुचारु गरिएको छ।

९८. यस हेटौंडा उपमहानगरपालिकाको आवधिक योजना र मध्यमकालिन खर्च संरचना तयार भई सो को आधारमा नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन भईरहेको छ ।

९९. मेट्रिक्स ठेगाना प्रणाली अनुसार घर नम्बरको लागि DPR निर्माण प्रक्रिया अगाडी बढाईएको छ ।

१००. चालु आ.व. को यस अवधिमा कार्यालय संचालन तथा सेवा प्रवाह तर्फ हेर्दा नेपाली नागरिकता प्रमाणपत्रका लागि सिफारिस १ हजार ८७, नागरिकता प्रतिलिपि सिफारिस १ हजार ५ सय ५२, चारकिल्ला प्रमाणित सिफारिस ३ हजार २ सय ५१, नाता प्रमाणित सिफारिस ४ सय ४३, खानेपानी धारा जडान सिफारिस ३ सय ७९, बिजुली जडान सिफारिस २ सय ८५, वस्तुगत विवरण प्रमाणित २ हजार १३, जग्गा नामसारी सिफारिस २ सय ३८, नाता सम्बन्ध कायम सिफारिस १ हजार २ सय १५ र अन्य सिफारिसहरु १७ हजार ९ सय ४४ उपलब्ध गराइएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

१०१. विद्यालयमा स्वीकृत दरबन्दी र राहत अनुदान कोटामा शिक्षक पद रिक्त हुनासाथ छिटो, छरितो रुपमा दक्ष शिक्षक नियुक्त गर्ने हेटौडा उपमहानगरपालिका शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापन कार्यविधि, २०८१ निर्माण गरी विद्यालयमा शिक्षक नियुक्ति गर्ने

प्रकृया सुरु गरिएको छ। हालसम्म नगर भित्रका विद्यालयहरुमा रिक्त विभिन्न तहमा जम्मा १५ जना शिक्षकहरुलाई बैंक मार्फत अध्यापनको लागि खटाईएको छ ।

१०२. संस्थागत विद्यालयहरुलाई तिनीहरुको भौतिक, शैक्षिक पूर्वाधार र विद्यार्थीलाई पुर्याएको सेवा सुविधा समेतको आधारमा विद्यालयको वर्गीकरण गर्ने काम सम्पन्न गरिएको छ । यस क्रममा कुल ४० वटा संस्थागत विद्यालयहको अनुगमन गरी वर्गीकरण गर्दा २ वटा विद्यालय "क" वर्गमा, २४ वटा विद्यालय "ख" वर्गमा, १३ वटा विद्यालय "ग" वर्गमा र १ वटा विद्यालय "घ" वर्गमा परेका छन् । यस कार्यबाट संस्थागत विद्यालयहरुको नियमन हुनुको साथै अभिभावक र विद्यार्थीहरुलाई आफ्नो लागि उपयुक्त विद्यालय छनौट गर्ने कार्यमा सघाउ पुगेको छ।

१०३. विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई सम्भाव्यताको आधारमा नजिकको ठुलो विद्यालयसँग समायोजन (मर्ज) गर्ने नीति अनुरुप विद्यार्थी संख्या कम हुँदै गएका ३ वटा विद्यालयलाई सम्बन्धित वडामा नजिकै रहेको अर्को ठुलो विद्यालयमा समायोजन गरिएको छ। साथै विद्यार्थी संख्या कम भएको माध्यमिक तहको १ वटा विद्यालयलाई तह घटुवा गरी आधारभूत तहसम्म मात्र सञ्चालन गरिएको छ । तह घटुवा गरिएको उक्त विद्यालयको कक्षा ९ र १० का विद्यार्थीहरुलाई नजिकको अर्को माध्यमिक विद्यालयमा पठनपाठनको व्यवस्था मिलाइएको छ।

१०४. विद्यालय शिक्षा र उच्च शिक्षामा अध्ययनमा गरिबीको कारण कठिनाइ भोगिरहेका नगर भित्रका १६६ जना विद्यार्थीलाई रु.१६,५८,७००।- छात्रवृत्ति प्रदान गरिएको छ। यस कार्यबाट आर्थिक रुपले कमजोर वर्ग र समुदायको विद्यालय शिक्षा र उच्च शिक्षामा पहुँच अभिवृद्धीमा सहयोग पुगेको छ ।

१०५. दरबन्दी मिलान कार्य अन्तर्गत विद्यार्थी संख्या र भुगोलका आधारमा दरबन्दी बढी भएका विद्यालयहरुबाट कट्टा गरी दरबन्दी कम भएका विद्यालयहरुमा शिक्षक पठाउने कार्य निरन्तरता दिई हालसम्मको अवधिमा दरबन्दी मिलान तथा विद्यालय समायोजन (मर्ज) गर्दा २९ जना शिक्षकहरुलाई साविकको विद्यालयबाट अन्यत्र विद्यालयमा अध्यापनको लागि खटाइएको छ।

१०६. निजी क्षेत्रबाट सञ्चालन भएका प्रारम्भिक बालविकास केन्द्र/मन्टेवश्वरीहरुको अनुगमन नियमन गर्ने कार्य प्रारम्भ गरिएको छ । यस कार्यबाट प्रारम्भिक बालविकास केन्द्र/मन्टेवश्वरीलाई कानूनी रुपमा सञ्चालन गर्न सघाउ पुगेको छ।

१०७. बाल प्रतिभाको पहिचान र प्रोत्साहन गर्ने नीति अनुरुप बाल दिवसको अवसरमा मिति२०८१।५।२९ गते श्री सोलिडयारीटी मा.वि. हेटौंडाको सभाहलमा प्रतियोगितात्मक नृत्य प्रतियोगिता आयोजना गरी सम्पन्न गरिएको छ ।

१०८.शिक्षा दिवसको अवसरमा मिति २०८१।६।२ गते हेटौंडा क्याम्पसको सभाहलमा "सपनाको सहर हेटौंडा" शीर्षकमा शिक्षकबीच प्रतियोगितात्मक कविता प्रतियोगिता सम्पन्न गरिएको छ।

१०९.एस.इ.इ. परीक्षा अनुत्तीर्ण भएका विद्यार्थीहरुलाई एस.इ.इ. मौका परीक्षा दिन सहायता पुर्याउन नगरका विभिन्न ५ वटा विद्यालयहरुमा एस.इ.इ. परीक्षा (सपोर्ट) कक्षा सञ्चालन गरि यसबाट मौका परीक्षा मार्फत एस.इ.इ. परीक्षा उत्तिर्ण हुन सहयोग पुगेको छ ।

११०. ENSSURE परियोजना अन्तर्गत कार्यगत अभ्यास सहितको तालिम सञ्चालनका लागि पेशागत कुक विधा छनौट गरिएको छ । जसले प्राविधिक सिप र शिक्षा मार्फत नगरका इच्छुक युवालाई दिगो तथा सम्मानित रोजगारीमा पदस्थापन गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

१११. ENSSURE परियोजना अन्तर्गत विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमको लागि श्री निर्मल मा.वि. हेटौंडा १९, श्री महेन्द्र मा.वि. हेटौंडा १३, श्री प्रगति मा.वि. हेटौंडा ९ र श्री जनप्रिय मा.वि. हेटौंडा १६ लाई छनौट गरिएको छ। साथै उक्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवालहरु (प्र.अ., वि.व्य.स., अध्यक्ष सम्बन्धित वडाका जनप्रतिनिधि र कार्यक्रम कार्यान्वयन गर्ने शिक्षक) लाई अभिमुखिकरण समेत गरिएको छ।

११२. निम्न माध्यमिक तहमा शुन्य दरबन्दी मात्र भएका विद्यालयलाई १ वटाका दरले र माध्यमिक तहमा शुन्य, एक र दुई मात्र दरबन्दीमात्र भएका विद्यालयलाई क्रमशः ३, २ र १ वटाको दरले अंग्रेजी, गणित र विज्ञान विषयमा पदपुर्ती गर्ने गरी शिक्षण अनुदानकोटा वितरण गरिएको छ।,

११३. महिला शिक्षक प्रसुति विदामा बस्दा हुने सिकाइ क्षति न्युनिकरण गर्न शिक्षक बैंकबाट खटाउने गरी प्रसुति सट्टा शिक्षक नियुक्त गरिएको छ । हालसम्म ९ वटा विद्यालयमा प्रसुति सट्टा शिक्षक नियुक्त गरिएको छ । यसबाट महिला शिक्षक प्रसुति विदामा बस्दा हुने सिकाइ क्षति न्युनीकरण गर्न सहयोग पुगेको छ।

११४.नगर भित्रका ११३ जना किशोर किशोरीहरुलाई समाजका लागि युवा संस्था मार्फत Career Counselling कार्यक्रम मिति २०८१।६।११ र १२ गते सम्पन्न गरिएको छ। यसबाट किशोरीहरुलाई भावी जीवनमा आफ्नो रुची, खुवि र क्षमताका आधारमा वृत्तिपथ छनौट गर्न सहयोग पुगेको छ।

११५. मिति २०८१।६।१४ गते काठमाण्डौमा भएको १६ औं काठमाण्डौ एथलेटिक्स प्रतियोगितामा यस उपमहानगरपालिकाबाट २१ जना खेलाडी सहभागी गराइएको छ।

११६. नगर भित्र खेल क्षेत्रमा स्थापित विभिन्न क्लवहरु मार्फत खेल क्षेत्रलाई प्रोत्साहत गर्ने नीति अनुरुप विभिन्न खेलक्षेत्रमा संलग्न क्लब, संघसंस्थालाई प्रतियोगिता आयोजनाको लागि सहयोग गरिएको छ ।

११७. स्थानीय तहको साझेदारी मार्फत खेल क्षेत्रको विकास गर्न रत्ननगर मेयर कप फुटबल प्रतियोगितामा उपमहानगरको तर्फबाट खेलाडी, प्रशिक्षक, व्यवस्थापक गरेर २६ जना सहभागी भई प्रथम स्थान हाँसिल गर्न सफल भएको छ ।

११८. किशोरीहरुलाई आत्मरक्षा तालिम मार्फत सशक्तिकरण गर्न वडा नम्बर ९, १२, १३ र १४ का माध्यमिक विद्यालयमा अध्ययनरत १३५ जना छात्राहरुलाई मिति २०७९।८।२० देखि २२ गतेसम्म आत्मरक्षा सम्बन्धी तालिम प्रदान गरिएको छ।

**नगर सभाका अध्यक्ष महोदय,**

यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षको २०८१ मंसिर मसान्तसम्मको आय तथा खर्च विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

११९. चालु आर्थिक वर्षको हालसम्मको अवधिमा आय तर्फ संघीय सरकार समानीकरण तथा सशर्त अनुदान तर्फ ४५ करोड ८ लाख ९० हजार ५०, प्रदेश सरकार समानीकरण, सशर्त र समपुरक अनुदान तर्फ ३ करोड ८ लाख ३२ हजार ५ सय, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट तर्फ १४ करोड ६८ लाख ९ हजार १२५ र आन्तरिक स्रोत कर, राजश्व शुल्क र गत वर्षको नगद मौज्दात समेत गरी २० करोड ६२ लाख १७ हजार १२४ र नगर विकास कोषबाट ऋण १ करोड ४८ लाख ४२ हजार १ सय १७ अर्थात् ३२.२३ प्रतिशत आम्दानी गर्न सफल भएको छ।

१२०. त्यसैगरी खर्च तर्फ कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ हालसम्म १४ करोड ९१ लाख ३५ हजार अर्थात २७.८४ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ २२ लाख ४७ हजार ६ सय अर्थात ७.०३ प्रतिशत, पूर्वाधार विकास क्षेत्र तर्फ ४ करोड ३८ लाख ८८ हजार ४ सय अर्थात १०.७८ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ २५ करोड ११ लाख ४३ हजार अर्थात २४.६७ प्रतिशत र आर्थिक विकास क्षेत्र तर्फ ४७ लाख ५० हजार अर्थात ३.२८ प्रतिशत समेत कुल ४५ करोड ११ लाख ६८ हजार अर्थात २१.१२ प्रतिशत रकम खर्च भैसकेको अवस्था छ। यस अवधिमा अधिकांश क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु सम्झौता भई कार्य सञ्चालनको क्रममा रहेको र खर्च भुक्तानी नभई सकेको हुँदा क्षेत्रगत खर्चमा कमी देखिएकोमा असार मसान्तसम्मको अवधिमा यसमा उल्लेखनीय प्रगति हुने अपेक्षा लिएको छु ।

१२१. चालु आर्थिक बर्षको लागि १५औं नगर सभाबाट रु २ अर्ब ४५ करोड ९८ लाख १८ हजार १७० बराबरको आयव्यय बजेट अनुमान स्वीकृत भएकोमा कर्मचारी तथा जनप्रतिनिधिको तलब भत्ता, सवारी ईन्धन तथा मर्मत, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च, सामुदायिक बिद्यालयका ई सि डि शिक्षक र बिद्यालय कर्मचारी प्रोत्साहन रकम, बालमैत्री स्थानीय शासन अभियान, बहुबर्षीय योजनाहरुको भुक्तानी, गत बर्ष जिम्मेबारी सरेका योजनाहरुको भुक्तानी, नगर अस्पताल संचालन एवं स्वास्थ्य सम्बन्धि कार्यक्रम लगायतका अनिबार्य दायित्व तथा अतिआवश्यक खर्चका लगि करिब रु. २० करोड विषयगत समितिबाट पेश भएकोमा उक्त नपुग हुने बजेट रकमको पुर्ति थप प्रयास एवम् नदिजन्य पदार्थ उत्खनन तथा बिक्रि बितरणबाट आय आर्जन गरि पुर्ति गर्दै लगिने छ ।

१२२. राष्ट्रिय अर्थतन्त्र एवम् आर्थिक गतिविधिमा रहेको संकुचनको अवस्था अझै कायम रहेने देखिएकोले संघीय सरकारबाट प्राप्त हुने अपेक्षीत राजश्वको सुनिश्चितता नभएको, आन्तरिक स्रोतको सीमितता र विगत वर्षको अनुभव समेतबाट प्रस्तावित व्यय अनुमानको भुक्तानीमा समस्या पर्न जाने सम्भावित जोखिम व्यवस्थापन गर्न वडा तथा महाशाखाबाट आयोजना तथा कार्यक्रम सञ्चालन गर्न पूर्व स्रोतको सुनिश्चितता गरेर मात्र सम्झौता लगायत कार्यान्वयन प्रकृयामा प्रवेश गर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ ।

**नगर सभाका अध्यक्ष महोदय,**

१२३. चालु आर्थिक वर्षको लागि नगर सभाबाट पारित नीति तथा कार्यक्रम र संशोधित बजेटले नगरवासीका जीवनस्तरमा सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितीमा परेका वर्ग, क्षेत्र तथा समुदायहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने विश्वास लिएको छु ।

१२४. अन्त्यमा चालु आर्थिक वर्षको मंसिर मसान्तसम्मको प्रगति समीक्षा सहितको संशोधित बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, विषयगत समितिका संयोजक एवम् सदस्यहरु, वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवि, सञ्चार जगत तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

**धन्यवाद ।**